# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal

चलानी नं.:/Ref. No.


मिति:२०७८।१०।०१

**पोखरा विश्वविद्यालयको विभिन्न संकाय (विज्ञान तथा प्रविधि अन्तर्गतको समूह (क), (ख), व्यवस्थापन र मानविकी तथा सामाजिक शास्त्र) को स्नातक तह छात्रवृत्ति छनौंट परीक्षामा सहभागी उम्मेदवारहरुको उत्तिर्ण सूचि (Pass List) प्रकाशित सम्बन्धि सूचना !**

पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौंट समिति २०७८ बाट कक्षा ११ उत्तिर्ण भएका र कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरु समेतलाई पो.वि.छात्रवृत्ति सम्बन्धी नियमानुसार छनौंट प्रवेश परीक्षामा सहभागी गराउन मिति २०७८।०८।०५ गतेदेखि मिति २०७८।०९।०२ गतेसम्म अनलाइन दरखास्त फाराम भराइ मिति २०७८।०९।२१ र २२ गते लिइएको विज्ञान तथा प्रविधि संकाय समूह (क), विज्ञान तथा प्रविधि संकाय समूह (ख), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकायको परीक्षामा सहभागी उम्मेदवारहरुको संलग्न बमोजिमको उत्तिर्ण सूचि **(Pass List)** प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैकोलागी जानकारी गराइन्छ । प्रकाशित उत्तिर्ण सूचिमा रहेको आफ्नो नतिजालाई उम्मेदवारहरुले Scholarship Portal मा गइ आफ्नो Gmail र Password लगइन गरी Open भएको Dashboard को Entrance Exam मा नतिजा र सूचना हेर्नुपर्नेछ।

नियमानुसार समितिले अविलम्ब योग्यताक्रम (Merit List) समेत प्रकाशित गर्नुपर्ने भएको हुदा आज प्रकाशित **उत्तिर्ण सूचि (Pass List)** मा समावेश भएका तर अनलाइन फाराम भर्दा प्लस टु उत्तिर्ण भएको ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र नबुझाएका उम्मेदवारहरुले यही मिति २०७८।१०।०९ गतेसम्ममा अनलाइन मार्फत अनिवार्य उक्त डकुमेन्ट बुझाउनुहुन समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ । प्लस टु उत्तिर्ण भएको ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र नबुझाउने उम्मेदवारहरुलाई योग्यताक्रम (Merit List) मा समावेश गरिनेछैन ।

उम्मेदवारहरुले ट्रान्स्कृप्ट र चारित्रिक प्रमाणपत्र अनलाइन मार्फत पेश गर्दा Scholarship Portal मा गइ आफ्नो Gmail र Password लगइन गरी Dashboard खोल्ने र Profile मा गइ Intermediate Education Information मा गएर अपडेट गर्नुपर्ने छ ।

आज प्रकाशित उत्तिर्ण सूचि **(Pass List)** मा समावेश भएका उम्मेदवारहरुले उत्तिर्ण सूचिप्रति चित्त नबुझेमा निवेदन लेखि **puscholarship@pu.edu.np** मा मिति २०७८।१०।०५ गतेसम्म इमेल पठाइ दावि विरोध गर्न सकिनेछ । उम्मेदवारहरुले दावि विरोधको निवेदन दिदा **नाम, संकाय, रोल नं. र मोवाइल नं.** अनिवार्य उल्लेख गर्नुपर्ने छ ।

पो.वि.छात्रवृत्ति छनौंट प्रवेश परीक्षामा सहभागी भएका विज्ञान तथा प्रविधि संकाय समूह क को रोल नं. 2078-ST-Ka-9-1328, व्यवस्थापन संकायको रोल नं. 2078-MA-7-0883 र 0534 का उम्मेदवारहरुले आफ्नो उत्तरपुस्तिकामा पेन्सिलको प्रयोग तथा उम्मेदवारको आफ्नो नाम उल्लेख गरेको पाइएकोले निजहरुको परीक्षा रद्ध गरिएको व्यहोरा समेत सम्बन्धित सबैको लागी जानकारी गराइन्छ ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७८


P.O. Box: 427, Pokhara Metropolitan City-30, Lekhnath, Kaski, Nepal. E-mail:info@pu.edu.np
URL: https://pu.edu.np, Tel.:+977-61-504046/504039